# नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क–११ (माघ २०७३ – असार २०७४)


## बोर्डको रजत जयन्ती विशेष कार्यक्रम सम्पन्न (२०७४ जेष्ठ २५)

२०५० जेष्ठ २५ मा स्थापना भएको बोर्डले २५ वर्षमा प्रवेश गरेको शुभ अवसर पारी मिति २०७४ जेठ २५ गते माननीय अर्थ मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीज्यूको प्रमुख आतिथ्यमा रजत जयन्ती विशेष कार्यक्रम सम्पन्न गर्‍यो । कार्यक्रमलाई सम्बोधन गर्दै माननीय अर्थ मन्त्रीज्यूले बोर्डले धितोपत्र बजार विकास तथा विस्तारको लागि पछिल्लो समयमा गरेको कार्यको सराहाना गर्दै धितोपत्र बजार गतिशील र प्रतिस्पर्धी हुनुपर्ने धारणा व्यक्त गर्नु भयो । कार्यक्रममा विशेष अतिथिको रुपमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरंजीवि नेपालज्यू तथा नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री राजन खनालज्यूले समेत सम्बोधन गर्नु भएको थियो । सो कार्यक्रमको सभापतित्व गर्नु भएका बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीज्यूले बोर्डको २५ बर्षे यात्रा र हालका गतिविधिबारे प्रकाश पार्दै धितोपत्र बजार विकास र विस्तारको लागि नेपाल सरकार लगायत अन्य सरोकारवालाहरुबाट प्राप्त सहयोगको लागि धन्यबाद ज्ञापन गर्दै लगानीकर्ताको हक हित संरक्षणमा बोर्ड कटिबद्ध रहेको बताउनु भयो । उक्त कार्यक्रममा माननीय अर्थमन्त्रीज्यूद्वारा नेपाल धितोपत्र बोर्डका २५ वर्ष नामक पुस्तकको विमोचन गर्नुभएको थियो भने गभर्नर डा. नेपालले नेपाल धितोपत्र बोर्ड, पुँजी बजार लेख विशेषाङ्क, राजस्व सचिवज्यूले Quarterly Securities Market Indicators र बोर्डका अध्यक्ष डा. कार्कीले SEBON An Introduction पुस्तकको विमोचन गर्नुभएको थियो ।



*बोर्डको रजत जयन्ती विशेष कार्यक्रमलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीज्यू*

सोही कार्यक्रममा बोर्डमा २० वर्ष सेवा अवधि पुगेका कार्यकारी निर्देशकद्वय परिष्टनाथ पौड्याल र निरज गिरी, निर्देशक विनयदेव आचार्य, अधिकृत मञ्जु उपाध्यय, सहयोगी कर्मचारीहरु राजेश लागे, राजन खतिवडा र अर्जुन प्रसाद ढकाललाई विशेष दीर्घ सेवा पदक प्रदान गरियो । साथै, रजत जयन्तीको अवसरमा प्रथम पटक सेयर निष्कासनकर्ता कम्पनीहरु नेपाल बैंक लि. र विराटनगर जुट मिल्स लि. तथा प्रथम पटक शेयर निष्कासन सम्बन्धी मर्चेण्ट बैंकिङ्ग तथा सामूहिक लगानी कोष सम्बन्धी कार्यको शुरुवात गर्ने संस्था एनआइडिसी क्यापिटल मार्केट लि. (हाल सनराईज क्यापिटल लि.) लाई सम्मान गरिएको थियो भने बोर्डका पूर्व अध्यक्षहरुलाई उहाँहरुको योगदानको कदर गर्दै दोसल्ला र ताम्रपत्रसहित सम्मान गरिएको थियो ।

रजत जयन्तीको अवसरमा पुँजी बजार पत्रकारितालाई प्रोत्साहन गर्ने उद्देश्य लिई बोर्डले हरेक बर्ष व्यक्तिको हकमा दुई जनालाई र संस्थाको हकमा एउटालाई रु ५० हजारको पुँजी बजार पत्रकारिता पुरस्कार दिने निर्णय गरेको छ । यसै अनुरुप सोही रजत जयन्ती कार्यक्रममा आर्थिक वर्ष २०७३।७४ मा पुँजी बजार पत्रकारितामा योगदान गरे बापत प्रथम पुँजी बजार पत्रकारिता पुरस्कार नेपाल आर्थिक पत्रकार समाजलाई प्रदान गरिएको थियो । बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौड्यालले स्वागत मन्तव्य दिनु भएको उक्त कार्यक्रममा अर्को कार्यकारी निर्देशक श्री निरज गिरीले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



*बोर्डको रजत जयन्ती विशेष कार्यक्रममा मन्तव्य दिने क्रममा बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीज्यू*



*SEJON का पदाधिकारीलाई पुँजी बजार पत्रकारिता पुरस्कार प्रदान गर्दै माननीय अर्थमन्त्रीज्यू*

यस भित्र


- धितोपत्र बजारको समीक्षा पृ. ४
- प्राथमिक बजार सम्बन्धी बोर्डको गतिविधि पृ. ५
- दोस्रो बजार सम्बन्धी बोर्डको गतिविधि पृ. ६
- धितोपत्र सम्बन्धी कानुनी व्यवस्थामा सुदृढीकरण पृ. ७

# बोर्डको रजत जयन्तीको अवसरमा सम्पन्न भएका अन्य कार्यक्रमहरू

बोर्डले २५ औं वर्षमा प्रवेश गरेका शुभ अवसरमा रजत जयन्ती प्रकाशन, रक्तदान कार्यक्रम, प्रभातफेरी कार्यक्रम लगायतका विविध कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरेको छ :

- **बोर्डको रजतजयन्तीको अवसरमा रक्तदान कार्यक्रम (२०७४।०२।२२)**: बोर्डले रजत जयन्तीको शुभ अवसरमा २०७४ जेठ २२ गते नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियनको समन्वय तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय रक्तसंचार सेवा, बालकुमारी, ललितपुरको सहयोगमा बोर्डको कार्यालय परिसरमा पहिलो पटक रक्तदान कार्यक्रम आयोजना गऱ्यो । उक्त रक्तदान कार्यक्रममा बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., धितोपत्र व्यवसायी (धितोपत्र दलाल, मर्चेण्ट बैंकर, निक्षेप सदस्य) लगायतका निकायका पदाधिकारी एवं कर्मचारीहरु समेत १५१ जनाले रक्तदान गरेका थिए ।





*बोर्डको रजत जयन्तीको अवसरमा सम्पन्न रक्तदान कार्यक्रमका केही झलक*




*बोर्डले आयोजना गरेको प्रभातफेरी कार्यक्रमको झलक*

- **बोर्डको रजतजयन्तीको अवसरमा प्रभात-फेरी कार्यक्रम (२०७४।०२।२४)**: बोर्डले रजतजयन्तीको अवसरमा नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियनको समन्वयमा २०७४ जेठ २४ गते बिहान ७:३० बजे प्रभात (फेरी कार्यक्रम सम्पन्न गऱ्यो । काठमाडौंको भद्रकालीदेखि शहिदगेट, रत्नपार्क हुँदै भृकुटीमण्डप पुगी समापन भएको उक्त कार्यक्रममा धितोपत्र बजार सम्बन्धी विभिन्न सचेतनामूलक प्लेकार्डहरु सहित बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., इक्रा नेपाल लि., धितोपत्र व्यवसायी (धितोपत्र दलाल, मर्चेण्ट बैंकर, निक्षेप सदस्य) लगायत निकायका पदाधिकारी एंव कर्मचारीहरु समेत गरी करिब सात सय जनाको उत्साहजनक सहभागिता रहेको थियो ।




*बोर्डले आयोजना गरेको प्रभातफेरी कार्यक्रमको झलक*

# बोर्डको रजतजयन्ती प्रकाशनहरू

बोर्डले रजतजयन्ती अवसरमा विशेष प्रकाशन सहितआगामी दिनमा नियमित प्रकाशन हुने गरी देहाय बमोजिमको प्रकाशन गरेको छ ।

**(क) नेपाल धितोपत्र बोर्डका २५ वर्ष (२०५०-२०७४)**: वि.स. २०५० जेष्ठ २५ मा स्थापना भएको बोर्डले आफ्नो स्थापनकालदेखि हालसम्मको गौरवमय इतिहासका २५ वर्षका गतिविधि र उपलब्धिहरुलाई समेटेर नेपाल धितोपत्र बोर्डका २५ वर्ष (२०५०-२०७४) नामक पुस्तिका प्रकाशन गरेको छ । सात अध्यायमा विभाजन गरिएको उक्त पुस्तकको पहिलो अध्यायमा नेपालको वित्तीय प्रणालीको जानकारी दिइएको छ । यस अध्यायमा वित्तीय प्रणालीका प्रमुख पाँच तत्वको रुपमा रहेको बैंकिङ्ग, धितोपत्र बजार, बीमा, गैर बैंकिङ्ग क्षेत्र र सहकारीको सक्षिप्त व्याख्यासहित अर्थतन्त्रमा ती क्षेत्रले पुऱ्याएको योगदानको बारेमा समेत चर्चा गरिएको छ । दोस्रो अध्यायमा धितोपत्र बजारको हालसम्मको विकासक्रमलाई विस्तृत रुपमा उल्लेख गरिएको छ । उक्त पुस्तकको विशेष अध्यायको रुपमा रहेको यस अध्यायमा वि.स. १९९४ मा विराटनगर जुट मिल्स र नेपाल बैंक लिमिटेडले सर्वसाधारणलाई सेयर जारी गरी पुँजी संकलन गर्ने अभ्यासको सुरुवात भएदेखि वि.सं. २०७४ मा प्राथमिक बजारमा आस्बा प्रणालीको सफल कार्यान्वयन भएसम्मको अवस्थालाई विभिन्न चार चरणमा विभाजन गरी धितोपत्र बजारको विकासक्रमको बारेमा चर्चा गरिएको छ । त्यस्तै पुस्तकको तेस्रो अध्यायमा नेपाल सरकारले तर्जुमा गर्ने विभिन्न आवधिक योजना तथा रणनीतिक योजनमा समाहित भएको धितोपत्र बजारसम्बन्धी योजना तथा रणनीतिहरुको संक्षिप्त व्याख्या गरिएको छ भने चौंथो अध्यायमा नेपाल धितोपत्र बोर्डको परिचय तथा कार्य क्षेत्र तथा अधिकारहरु प्रस्तुत गरिएको छ । यस्तै पाँचौ र छैठौ अध्यायमा क्रमश: धितोपत्र बजारका सहभागीहरु र धितोपत्र बजार सम्बन्धी कानूनी व्यवस्थाहरुको बारेमा चर्चा गरिएको छ भने अन्तिम अध्यायमा विगत २५ वर्षमा नेपालको धितोपत्र बजारको प्राथमिक तथा दोस्रो बजार सम्बन्धी तथ्याङ्कीय विश्लेषण गरिएको छ ।




*बोर्डको रजत जयन्ती विशेष कार्यक्रममा बोर्डले प्रकाशन गरेको पुस्तिकाहरुको विमोचन गर्नुहुँदै कार्यक्रमका प्रमुख तथा विशेष अतिथिज्यूहरु*

**(ख) पुंजी बजार लेख विशेषाङ्क** : बोर्डले रजतजयन्तीको अवसर पारेर पहिलोपटक पुँजी बजार लेख विशेषाङ्क प्रकाशन गरेको छ । पुँजी बजारको विविध विषयवस्तु समेट्ने गरी प्रकाशन गरिएको उक्त विशेषाङ्कमा बोर्डका पूर्व अध्यक्ष, धितोपत्र बजार विज्ञ तथा विश्वविद्यालयका प्राध्यापकहरुको ५० समसामयिक लेखहरु समावेश गरिएको छ । बोर्डले आगामी वर्षहरुमा समेत यस प्रकारको लेख विशेषाङ्कको प्रकाशनलाई निरन्तरता दिनेछ ।

(ग) **Quarterly Securities Market Indicators** : धितोपत्रको प्राथमिक र दोस्रो बजारको गतिलाई तथ्याङ्कको रुपमा विश्लेषण गरी धितोपत्र बजारको समग्र स्थितिको बारेमा सरोकारवालाहरुलाई नियमित जानकारी दिने उद्देश्य बमोजिम बोर्डले रजतजयन्तीको अवसर पारेर Quarterly Securities Market Indicators को प्रकाशनको सुरुवात गरेको छ । २ भागमा विभाजन गरिएको उक्त इण्डिकेटर्सको पहिलो भागमा आ.व. २०७३।७४ को तेस्रो त्रैमासको प्राथमिक बजारको अवस्थालाई प्रस्तुत गरिएको छ भने दोस्रो अध्यायमा सोही समयावधिको दोस्रो बजारको अवस्थालाई चित्रण गरिएको छ । बजार सम्बन्धी यस प्रकारको तथ्याङ्कीय जानकारीले विभिन्न अवधिको धितोपत्र बजारको तुलनात्मक अध्ययन गर्नलाई सहयोग पुग्ने तथा धितोपत्र बजारको वास्तविक स्थितिको बारेमा वास्तविक तथ्याङ्कमाथि सबै सरोकारवालाको पहुँचमा अभिवृद्धि हुनेछ । रजत जयन्तीको अवसरमा Quarterly Securities Market Indicators, Vol. I प्रकाशन भएकोमा आ.व. २०७३।७४ को चौथो त्रैमासिक विवरण समेटी Vol. II पनि बोर्डले प्रकाशन गरेको छ ।

(घ) **SEBON: An Introduction** : बोर्ड स्थापनाका उद्देश्यहरु, बोर्डको काम, कर्तव्य र अधिकार, कार्यक्षेत्र तथा रणनीति, सञ्चालक बोर्ड तथा संगठनात्मक स्वरुपका साथै धितोपत्र बजारको जानकारीका साथै बोर्डले बजारको विकास तथा विस्तारका लागि चालेका कदमहरुको समेत अन्तर्राष्ट्रिय स्तरमा जानकारी दिने उद्देश्यले रजत जयन्तीको अवसर पारी बोर्डले SEBON : An Introduction नामक पुस्तिका प्रकाशन गरेको छ । यसअघि उक्त पुस्तक नेपाली भाषामा दोस्रो संस्करणसम्म छापिएको थियो ।

**(ङ) धितोपत्र बजार सम्बन्धी विविध जानकारी प्रदान गर्न झलक प्रकाशित** : धितोपत्र बजार सम्बन्धी विविध जानकारी प्रदान गर्न तीन दिन विभिन्न आर्थिक/राष्ट्रिय दैनिक पत्रपत्रिकाहरुमा बोर्ड स्थापनाको २५ वर्षको उपलब्धि तथा बोर्डको प्रतिवद्धता सहित धितोपत्र बजारको झलक प्रकाशित गरिएको थियो ।

# आ.व. २०७३।७४ को धितोपत्र बजारको समीक्षा

आर्थिक वर्ष २०७३।७४ मा नेपालको धितोपत्र बजारमा विभिन्न उतारचढाव देखिएको भएतापनि बोर्डबाट भएको बजार सुधार तथा विकासका कारण सर्वसाधारणको सहभागितामा बृद्धि भई समग्रमा धितोपत्र बजार उत्साहजनक रहेको छ । यस अवधिमा धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको परिसूचकको विश्लेषण गर्दा बजारको अवस्था मिश्रित देखिएको छ । समीक्षा वर्षमा प्राथमिक निष्काशन गर्ने कम्पनीहरुको संख्यामा केही बृद्धि भएपनि निष्काशन रकममा भने करिब ४५ प्रतिशतले संकुचन आएको छ । यसबाहेक प्राथमिक बजारका अन्य परिसूचकहरु हकप्रद, थप तथा सामूहिक लगानी कोष निष्काशनमा अघिल्लो आ.व.को तुलनामा उल्लेखनिय बृद्धि भई प्राथमिक बजारमार्फत भएको समग्र पुँजी परिचालनमा दुई गुणाभन्दा बढी बृद्धि भएको छ । दोस्रो बजारतर्फ कारोवार, फ्लोट बजार पुँजीकरणमा बृद्धि भएको छ र अन्य परिसूचकमा सामान्य गिरावट आएको छ । धितोपत्र बजारमा बोर्डले अन्य विभिन्न सुधारका अतिरिक्त २०७२ माघदेखि पूर्ण अभौतिकृत धितोपत्रको मात्र कारोवार हुने व्यवस्था गरेपश्चात् धितोपत्रको कारोवारमा बृद्धि देखिएको छ भने बजारको ठूलो हिस्सा ओगट्ने बैंक तथा वित्तीय संस्थाहरुले हकप्रद तथा बोनस सेयरमार्फत पुँजी बृद्धिमा जोड दिएसँगै धितोपत्र आपूर्तिमा भएको बृद्धिका कारण नेप्से परिसूचक तथा बजार पुँजीकरणमा केही संकुचन आएको छ । धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको समीक्षा देहाय अनुसार गरिएको छ ।

**प्राथमिक बजार**: प्राथमिक निष्काशनतर्फ १ अर्ब ५१ करोड, हकप्रद निष्काशनतर्फ ४५ अर्ब ६४ करोड, थप निष्काशनतर्फ ७ अर्ब ९९ करोड र म्युचुअल फण्डतर्फ ४ अर्ब २५ करोड रुपैयाँ गरी आ.व. २०७३।७४ मा ५९ अर्ब ३९ करोड रुपैयाँ बराबरको पुँजी परिचालन भएको छ जुन अघिल्लो वर्षको १८ अर्ब ९९ करोडको तुलनामा दुई गुणाभन्दा बढीको बृद्धि हो । यस अवधिमा प्राथमिक निष्काशन रकममा अघिल्लो वर्षको निष्काशन रकम २ अर्ब ७६ करोड रुपैयाँको तुलनामा ४५ प्रतिशतको संकुचन देखिएपनि प्राथमिक निष्काशन गर्ने कम्पनीको संख्यामा भने २१ प्रतिशतको बृद्धि आएको छ । त्यस्तै थप निष्काशन संख्या तथा रकममा पनि अघिल्लो वर्षको तुलनामा क्रमश: ३३ र ३७ प्रतिशतले उल्लेख्य बृद्धि भएको छ भने अघिल्लो वर्षमा १ अर्ब रुपैयाँको एउटा म्युचुअल फण्ड जारी भएकोमा समीक्षा वर्षमा ४ अर्ब २५ करोडको चार वटा म्युचुअल फण्ड जारी भएको छ ।

बैंक तथा वित्तीय संस्थाले हकप्रद सेयर निष्काशन गरी पुँजी बृद्धि गर्ने कार्यलाई व्यापक बनाएसँगै हकप्रद निष्काशनमा अघिल्लो आ.व.को तुलनामा करिब ४ गुणाले बृद्धि भएको छ । यसरी समग्रमा सार्वजनिक निष्काशन संख्यामा ८४ प्रतिशतको उल्लेख्य बृद्धि भई १०१ निष्काशन संख्या पुगेकोमा यस वर्ष निष्काशन रकममा दुई गुणाभन्दा बढीको उल्लेख्य बृद्धि भई करिब ६० अर्बको पुँजी परिचालन प्राथमिक बजारमा देखिएको छ । प्राथमिक बजारलाई प्रविधिमैत्री बनाउँदै निष्काशनकर्ता तथा लगानीकर्ता दुवैलाई सहज हुने गरी बोर्डले प्राथमिक बजारमा संरचनात्मक सुधार गरेसँगै लगानीकर्ताका साथसाथै हालका वर्षहरुमा निष्काशनकर्ताको पनि आकर्षण यसतर्फ बढ्दै गएको देखिन्छ । धितोपत्रको प्राथमिक बजार तालिका-१ मा प्रस्तुत गरिएको छ ।

तालिका-१ : धितोपत्रको प्राथमिक बजार

| विवरण | आर्थिक वर्ष (रकम रू. अर्बमा) | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७२/७३ | २०७३/७४ | २०७२/७३ | २०७३/७४ |
| प्राथमिक निष्काशन | १८ | ६.९८ | १४ | २.७६ | १७ | १.५१ | −२२.२२ | २१.४३ | −६०.४६ | −४५.२९ |
| हकप्रद निष्काशन | २२ | २.३१ | ३७ | ९.४० | ७६ | ४५.६४ | ६८.१८ | १०५.४१ | ३०६.९३ | ३८५.५३ |
| थप निष्काशन | – | – | ३ | ५.८३ | ४ | ७.९९ | – | ३३.३३ | – | ३७.०५ |
| म्युचुअल फण्ड | ३ | २.२५ | १ | १.०० | ४ | ४.२५ | −६६.६७ | ३००.०० | −५५.५६ | ३२५.०० |
| ऋणपत्र | ५ | २.९० | – | – | – | – | – | – | – | – |
| जम्मा | ४८ | १४.४४ | ५५ | १८.९९ | १०१ | ५९.३९ | १४.५८ | ८३.६४ | ३१.५१ | २१२.७४ |

स्रोत: नेपाल धितोपत्र बोर्ड ।

**दोस्रो बजार**: दोस्रो बजारतर्फ कारोवार रकम तथा संख्या, फ्लोट बजार पुँजीकरण बाहेक अन्य परिसूचकमा सामान्य गिरावट आएको छ । आ.व. २०७२।७३ मा १ खर्व ६४ अर्ब ६५ करोडको कारोवार भएकोमा समीक्षा अवधिमा कारोवार रकममा २४.५२ प्रतिशतले बृद्धि भई २ खर्व ५ अर्बको कारोवार भएको छ भने औषत दैनिक कारोवारमा समेत यस वर्ष २६.१५ प्रतिशतको बृद्धि भई करिब ९० करोड पुगेको छ । आ.व. २०७२।७३ मा औषत दैनिक कारोवार करिब ७१ करोड रुपैया रहेको थियो । कूल बजार पुँजीकरणमा अघिल्लो वर्षको तुलनामा १.७६ प्रतिशतको सामान्य गिरावट आई यस आ.व.मा १८ खर्व ५७ अर्ब पुगेको छ र फ्लोट बजार पुँजीकरणमा भने अघिल्लो वर्षको तुलनामा १.४३ प्रतिशतको बृद्धि भई ६ खर्व ४२ अर्ब पुगेको छ । अघिल्लो आ.व. मा १७१८.१५ विन्दु रहेको नेप्से सूचकांक यस आ.व.को अन्त्यमा ७.८९ प्रतिशतले घटेर १५८२.६७ विन्दुमा झरेको छ । त्यस्तै, आ.व. २०७२।७३ को अन्त्यमा १२५.४१ विन्दु रहेको फ्लोट सूचकांक यस अवधिको अन्त्यमा ७.३९ प्रतिशतले ह्रास आई ११६.१४ विन्दु कायम भएको छ । आ.व. २०७२।७३ को अन्त्यमा सूचिकृत संगठित संस्था २२९ रहेकोमा समीक्षा वर्षमा थप १२ (६ विकास बैंक र ६ जलविद्युत) कम्पनीहरु सूचिकृत भएपनि बैंक तथा वित्तीय संस्थाको मर्जर र एक्विजिशनका कारण सूचिकृत संगठित संस्थाको संख्या अघिल्लो वर्षको तुलनामा ९.१७ प्रतिशतले घट्न गई वर्षको अन्त्यमा २०८ कायम भएको छ । धितोपत्रको दोस्रो बजार तालिका-२ मा प्रस्तुत गरिएको छ ।

तालिका-२ : धितोपत्रको दोस्रो बजार

| विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७२/७३ | २०७३/७४ |
| सूचिकृत संगठित संस्थाको संख्या | २३२ | २२९ | २०८ | -१.२९ | -९.१७ |
| धितोपत्रको वार्षिक कारोबार (रू. अर्बमा) | ६५.४३ | १६४.६५ | २०५.०२ | १५१.६४ | २४.५२ |
| औसत दैनिक कारोबार रकम (रू. करोडमा) | ३०.२९ | ७०.६६ | ८९.१४ | १३३.२८ | २६.१५ |
| कारोबार भएको कूल सेयर संख्या (करोडमा) | १६.०० | ३०.३६ | ३९.२९ | ८९.७५ | २९.४१ |
| कारोबार संख्या (लाखमा) | ४.८४ | ८.३९ | १३.५७ | ७३.३५ | ६१.७४ |
| सूचिकृत धितोपत्रको बजार पुँजीकरण (रू.अर्बमा) | ९८९.४० | १८९०.१३ | १८५६.८२ | ९१.०४ | -१.७६ |
| फ्लोट बजार पुँजीकरण (रू.अर्बमा) | ३१८.७२ | ६३२.६६ | ६४१.६९ | ९८.५० | १.४३ |
| बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ६.६१ | ८.७१ | ११.०४ | ३१.७७ | २६.७५ |
| कुल ग्रार्हस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ४६.४५ | ८४.१० | ७१.४४ | ८१.०५ | -१५.०५ |
| कुल ग्रार्हस्थ उत्पादनमा फ्लोट पुँजीकरणको प्रतिशत | १४.९६ | २८.१५ | २४.६९ | ८८.१७ | -१२.२९ |
| नेप्से सूचकांक | ९६१.२३ | १७१८.१५ | १५८२.६७ | ७८.७४ | -७.८९ |
| नेप्से सेन्सेटिभ सूचकांक | २०४.६७ | ३६९.०७ | ३३६.०४ | ८०.३२ | -८.९५ |
| नेप्से फ्लोट सूचकांक | ६८.४७ | १२५.४१ | ११६.१४ | ८३.१६ | -७.३९ |

स्रोत: नेपाल स्टक एक्सचेन्ज लि.।

# प्राथमिक बजार सम्बन्धी बोर्डको गतिविधिहरू

## प्राथमिक निष्काशनमा आवेदन गर्दा नागरिकता तथा फोटो समावेश गर्नु नपर्ने व्यवस्था(२०७३।१२।१७):

प्राथमिक बजारलाई सरलीकृत गर्ने सन्दर्भमा बोर्डले आस्बा प्रणाली लागू गरेसँगै यस प्रणाली मार्फत् हुने आवेदन कार्यलाई थप सरल एवं सहज बनाई लगानीकर्तालाई सुविधा दिने उद्देश्य बमोजिम बोर्डले विभिन्न समयमा प्राथमिक निष्काशनको व्यवस्थामा आवश्यक परिमार्जन गर्दै आएको छ । यसै क्रममा बोर्डले प्राथमिक निष्काशनको दरखास्त फारमका साथमा आवेदक (उद्योग वा आयोजना प्रभावित क्षेत्रका बासिन्दा बाहेक) को नागरिकताको प्रतिलिपि तथा फोटो समावेश गर्नु नपर्ने व्यवस्था गरेको छ । यस अघि आवेदकले दरखास्त फारमका साथमा उक्त कागजातहरु समावेश गर्नुपर्ने व्यवस्था रहेको थियो । २०७३ माघदेखि नेपाल अधिराज्यभरि डिम्याट खाता अनिवार्य रुपमा दरखास्त फारममा उल्लेख गर्नुपर्ने व्यवस्था भएको र लगानीकर्ताले डिम्याट खाता खोल्दा अनिवार्य रुपमा नागरिकताको प्रतिलिपि तथा फोटो समावेश गर्नुपर्ने व्यवस्थाका कारण लगानीकर्ताको विस्तृत जानकारी डिम्याट खाताबाट रुजु गर्न सकिने भएकोले प्राथमिक निष्काशनको दरखास्त फारममा आवेदकको नागरिकताको प्रतिलिपि तथा फोटो समावेश गर्नुपर्ने आवश्यकता नरहेको हो । साथै २०७३ माघदेखि लागू भएको आस्वा प्रणालीमा समेत डिम्याट खाता उल्लेख गरिने भएकोले यस प्रणालीमा पनि नागरिकताको प्रतिलिपि तथा फोटो राख्नु नपर्ने व्यवस्था भएको छ ।

## सार्वजनिक निष्काशन गर्ने कम्पनीहरुलाई शीघ्र बाँडफाँट गर्न निर्देशन (२०७३।१०।२७):

वित्तीय बजारमा परेको तरलताको समस्या र त्यसको प्रतिकूल असर धितोपत्रको दोस्रो बजारमा समेत परेको देखिएकोले यस अवस्थालाई दृष्टिगत गरी सार्वजनिक निष्काशन गर्ने कम्पनीका साधारण सेयरको छिटो बाँडफाँट गर्ने व्यवस्था गरी तरलताको स्थितिलाई सहज बनाउन सहयोग गर्न बोर्डले सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकहरुलाई निर्देशन दिएको छ । यस क्रममा थप सार्बजनिक निष्काशन (FPO) गरेको नेपाल लाईफ ईन्स्योरेन्स कम्पनी लि.को धितोपत्रको बाँडफाँट साविकको व्यवस्था अनुसार निष्काशन बन्द भएको मितिले ६० दिन भित्र गर्नुपर्नेमा बोर्डले दिएको निर्देशन अनुसार ४० दिन भित्र अर्थात् मिति २०७३।११।१३ सम्ममा र प्रारम्भिक सार्वजनिक निष्काशन गरेको फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लि.को धितोपत्र बाँडफाँट बिक्री बन्द भएको मितिले ५० दिन भित्र गर्नुपर्नेमा बोर्डले दिएको निर्देशन अनुसार ३० दिन भित्र अर्थात मिति २०७३।११।१३ सम्ममा गर्नुपर्ने गरी सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धकहरु क्रमश: सिद्धार्थ क्यापिटल लि. र नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लि.लाई बोर्डले निर्देशन दिएको छ । यस व्यवस्थाले गर्दा ३ लाख ७० हजार भन्दा बढी लगानीकर्ताहरुले रु ५५ अर्ब भन्दा बढीको रकम छिटो फिर्ता भुक्तानी पाई वित्तीय बजारमा देखिएको तरलताको समस्या समाधानमा सहयोग पुगेको छ ।

## प्राथमिक निष्काशनको रकम नेपाल राष्ट्र बैंकमा जम्मा गर्नुपर्ने व्यवस्था हटाइएको (२०७३।१०।१३):

धितोपत्र निष्काशन निर्देशिका २०६५ को दफा २२ को उपदफा (४) मा "धितोपत्र निष्काशन गर्दा निष्काशन बैंकमा जम्मा भएको रकम धितोपत्र बिक्री बन्द भएको छ कार्यदिन भित्र नेपाल राष्ट्र बैंकमा खाता खोली कम्तिमा छ कार्यदिनको लागि जम्मा गर्नुपर्नेछ । यसरी नेपाल राष्ट्र बैंकमा खाता खोली जम्मा गरिएको रकम बोर्डको अनुमति लिएर मात्र झिक्नुपर्नेछ ।" भन्ने व्यवस्था रहेकोमा उक्त व्यवस्थाले गर्दा बजारमा तरलतामा प्रभाव पार्न सक्ने अवस्था रहेको, हाल बैंक तथा वित्तीय संस्थाहरुले प्रत्येक महिनाको आफ्नो वित्तीय अवस्था बारे नेपाल राष्ट्र बैंकमा विवरण पेश गर्नुपर्ने व्यवस्था बमोजिम गरिरहेको र सार्वजनिक निष्काशनमा बोर्डले ASBA प्रणाली लागू गरिसकेको परिप्रेक्ष्येमा उक्त व्यवस्था कायम राखिराख्न आवश्यक नदेखिएकोले निर्देशिकाको उक्त व्यवस्थालाई बोर्डको मिति २०७३।१०।१३ गतेको बैठकले हटाउने निर्णय गरेको हो ।

## साधारण सेयरको निष्काशन तथा हकप्रद सेयर निष्काशन गर्दा लाग्ने समयप्रति बोर्डको स्पष्टोक्ति (२०७४।०३।१६):

बोर्डले हकप्रद सेयर निष्काशन अनुमतिलाई प्राथमिकता दिँदा साधारण सेयरको प्राथमिक निष्काशन अनुमति दिन ढिलाई भएको भन्ने प्रकाशित समाचार प्रति बोर्डको ध्यानाकर्षण भएको बताउँदै उल्लेखित समाचारमा कुनै सत्यता नभएको स्पष्ट पारेको छ । बोर्डले आर्थिक वर्ष २०७३।७४ मा ७१ संगठित संस्थाको रु. ४२ अर्ब ३० करोड बराबरको हकप्रद निष्काशन अनुमति र १९ संगठित संस्थाको रु. ९ अर्ब २५ करोड बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान गरेको उल्लेख गर्दै प्राथमिक निष्काशन, थप निष्काशन र हकप्रद निष्काशनका अनुमतिका लागि बोर्डले तोकेको मापदण्ड पुरा गरी आएका निवेदनहरुमाथि आवश्यक कारवाही गरी तोकेको कार्य दिनभित्र अनुमति प्रदान गर्ने गरेको प्रष्ट पारेको छ । साथै, सबैभन्दा न्यून रेटिङ्ग पाएका तथा अङ्कित मूल्यभन्दा नेटवर्थ कम भएका कम्पनीहरुको सन्दर्भमा भने लगानीकर्ताको हकहितलाई ध्यानमा राखी यस्ता संगठित संस्थाहरुलाई धितोपत्रको सार्वजनिक निष्काशन अनुमति प्रदान गर्न केही नीतिगत व्यवस्था आवश्यक देखिएकाले उक्त संस्थाहरुले मिति २०७४।०२।१२ देखि लागू भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा गरिएको व्यवस्था बमोजिम निष्काशन अनुमति दिने कार्यलाई सहजिकरण गरिएको जानकारी एक प्रेश विज्ञप्ती मार्फत् दिएको छ । यसबाट निष्काशनकर्ता संगठित संस्था र निष्काशन तथा बिक्री प्रबन्धकहरुले झन्झटिलो महशुस गरेको व्यवस्थामा सहजिकरण हुनुको साथै बेला बेला बजारमा देखिने तरलता सम्बन्धी समस्या कम हुने देखिन्छ ।

# दोस्रो बजार सम्बन्धी बोर्डको गतिविधिहरू

## प्रज्ञान सेक्युरिटिजलाई छानविनको लागि कारोवार गर्न रोक (२०७४।०२।०८):

बोर्डले मिति २०७४।०२।०८ गतेदेखि धितोपत्र दलाल व्यवसायी प्रज्ञान सेक्युरिटिज प्रा. लि. को विराटनगर स्थित कार्यालयबाट हुने धितोपत्र कारोबारलाई रोक लगाएको र उक्त दलाल व्यवसायीले सिभिल बैंक लि. ले जारी गर्न लागेको हकप्रद सेयरको सम्बन्धमा सार्वजनिक नभएको सूचना केही व्यक्तिहरुलाई दिएको जानकारी प्राप्त भएको आधारमा आवश्यक छानविन कार्यलाई सहज गर्न बोर्डले उक्त दलाल व्यवसायीलाई धितोपत्र कारोबार गर्न रोक लगाएको हो ।

## Internet मार्फत खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था गर्न परिपत्र (२०७३।११।२६):

धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो कारोवार, अभिलेख तथा सूचना प्रवाह व्यवस्थापन सम्वन्धमा नेप्सेबाट स्वीकृत ब्याक अफिस सफ्टवेयर प्रयोग गरिरहेको परिप्रेक्ष्यमा लगानीकर्ताहरुको हितलाई दृष्टिगत गरी धितोपत्रको कारोवार प्रकृयालाई थप सहज, पारदर्शी, सरल, छिटो छरितो र लगानीकर्तामैत्री बनाउन तथा ब्रोकर कार्यालयमा रहने कारोवार सम्बन्धी अभिलेखलाई अझ व्यवस्थित र सुदृढ गर्न धितोपत्र दलाल व्यवसायीहरुले हाल उपयोग गरिरहेको स्वीकृत ब्रोकर ब्याक अफिस सफ्टवेयरमा आवश्यक सुधार/थप गरी देहाय अनुसारको सुविधा प्रदान गर्ने व्यवस्था गर्न बोर्डले निर्देशन दिएको छ ।

- लगानीकर्ताहरुले धितोपत्रको खरिद बिक्री आदेश दिँदा ब्रोकर कम्पनीबाट सम्बन्धित लगानीकर्ताहरुलाई KYC को आधारमा लगानीकर्ता स्वयंलाई Username/Password दिई इन्टरनेट मार्फत खरिद बिक्री आदेश दिन सक्ने व्यवस्था गर्ने ।
- लगानीकर्ताहरुबाट इन्टरनेट मार्फत प्राप्त खरिद बिक्री आदेशलाई समय प्राथमिकताको आधारमा खरिद बिक्री प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था मिलाउने ।
- धितोपत्र कारोवार सम्बन्धी विवरण/सूचना समेत लगानीकर्ताहरुले इन्टरनेट मार्फत पाउन सक्ने व्यवस्था गर्ने ।

उपर्युक्त व्यवस्थाबाट धितोपत्र खरिद बिक्री गर्न धितोपत्र दलाल व्यवसायीको कार्यालयमा उपस्थित भई आदेश दिनुपर्ने झन्झटको अन्त्य भई धितोपत्रको कारोवार प्रकृया थप सहज, सरल र छिटो छरितो बनाउन तथा यस सम्बन्धी अभिलेख सुदृढ भई यसले लगानीकर्ताहरुलाई विशेष सुविधा हुने तथा दोस्रो बजारको कारोवारमा स्थलगत तथा परिणात्मक रुपमा व्यापकता आउने देखिन्छ ।

### एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. र नेशनल हाइड्रो पावर कम्पनी लि. को धितोपत्र कारोबार स्थगन (२०७४।०३।०६):

बोर्डले एभरेष्ट इन्स्योरेन्स कम्पनी लि.को मूल्य संवेदनशील सूचना चुहावट भई कारोबार भएको उजुरी प्राप्त हुन आएको र सो सम्बन्धी अनुसन्धान कार्य अगाडि बढाउने क्रममा उक्त कम्पनीको धितोपत्र कारोबार २०७४।०३।०६ देखि २०७४।०३।१४ सम्म स्थगन गरेको थियो । साथै नेशनल हाइड्रो पावर कम्पनी लि. को सञ्चालक र कार्यकारी प्रमुख तथा उक्त लि. को निणर्यहरुको आधिकारिता सम्बन्धमा विवाद रहेको भन्ने जानकारी बोर्डलाई प्राप्त हुन आएको तथा सो सम्बन्धी बोर्डमा विभिन्न गुनासो समेत प्राप्त हुन आएकोले उक्त कम्पनीको पदाधिकारीको आधिकारिता सम्बन्धमा विवाद रहेको अवस्थामा धितोपत्र कारोबार हुँदा लगानीकर्ताको हकहितमा प्रतिकूल प्रभाव समेत पर्न सक्ने देखिएकोले उक्त कम्पनीको समेत धितोपत्र कारोबार २०७४।०३।०६ देखि २०७४।०३।२८ सम्म स्थगन गरेको थियो ।

### Odd Lot कारोबार शुरु भएको (२०७३।०८।२०):

धितोपत्र वजारमा धितोपत्रको नियमित कारोवार १० कित्ता वा सोभन्दा माथिको मात्र हुने गरेकोमा २०७२ माघदेखि धितोपत्रको अभौतिक कारोवार मात्र हुने व्यवस्था भइसकेकोले धितोपत्रको नियमित कारोवारमा १० कित्ताभन्दा कमको समेत कारोवार हुनसक्ने तथा १० कित्ताभन्दा कमको कारोवारले मूल्य सीमा परिवर्तन गर्न नसक्ने व्यवस्था तथा १० कित्ता वा १० ले भाग नजाने साना कित्ताले खरिदकर्ताको ठूलो खरिद आदेश समेत स्वत: खारेज हुने व्यवस्थामा आवश्यक सुधार गरी खरिद आदेशमा वाँकी रहेको खरिद सीमा कारोवार प्रणालीमा कायम रहने व्यवस्था गर्न साथै यस सम्वन्धी प्रावधान नयाँ विनियमालीमा समेत समावेश गर्न मिति २०७३।०८।२० मा वोर्डले नेप्सेलाई निर्देशन दिएको थियो । वोर्डको निर्देशन वमोजिम नेप्सेले मिति २०७३।१०।२३ गतेदेखि नियमित कारोबार समयमा १० कित्ताभन्दा कम (Odd lot) को धितोपत्र किनबेच हुन सक्ने व्यवस्था गरेको छ । यसबाटलगानीकर्ताहरुले १० कित्ताभन्दा कम (Odd lot) सेयरको कारोवार गर्न शुक्रवारसम्म कुर्नु पर्ने व्यवस्थाको अन्त्य भई धितोपत्रको दोस्रो वजार कारोवार थप सहज एवं सरल भई लगानीकर्तामैत्री भएको छ ।

### डिम्याट खातालाई थप व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था (२०७४।०३।११):

बोर्डले दुई भन्दा बढी डिम्याट खाता खोल्न नपाउने व्यवस्था गरेको छ । धितोपत्र बजारका लगानीकर्ताले बहु डिम्याट खाता खोलिरहेको अवस्थामा आस्बा प्रणाली र बाँडफाँड प्रणालीको कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा लगानीकर्ता एवं बजारको दीर्घकालिन हितलाई समेत दृष्टिगत गरी हाललाई लगानी व्यवस्थापनका लागि आवश्यकता अनुसार डिम्याट खाता खोल्न सक्ने र अन्यको हकमा बढीमा दुई डिम्याट खाता खोल्न सक्ने व्यवस्था गरिएको छ । साथै हाल दुई भन्दा बढी डिम्याट खाता भएका लगानीकर्तालाई बढीमा दुई डिम्याट खाता कायम गर्न २०७४ भाद्र मसान्तसम्म समयावधि प्रदान गरिएको र सो अनुसार धितोपत्र हस्तान्तरण गर्दा शुल्क नलाग्ने व्यवस्था गर्न र लगानी व्यवस्थापनको लागि खोलिएको डिम्याट खाता बन्द गरेमा उक्त खाता बन्द गर्ने जिम्मेवारी सम्बन्धित लगानी व्यवस्थापकको हुने समेत व्यवस्था भएको छ ।

### सूचिकृत संगठित संस्थाहरुलाई सूचना प्रवाहको सम्बन्धमा सचेत गराइएको (२०७४।०१।१२):

सूचिकृत संगठित संस्थाहरुले धितोपत्र बजारमा प्रवाह गर्ने सूचनाको आधारमा लगानीकर्ताले लगानीको योजना तथा रणनीति तय गर्ने हुनाले यस प्रकारको सूचनाको सम्वेदनशिलतालाई मध्यनजर गरी बोर्डले सूचिकृत संगठित संस्थाहरुलाई सूचना प्रवाहको सन्दर्भमा सचेत गराएको छ । धितोपत्रको बजार मूल्यमा प्रभाव पार्ने कतिपय सूचनाहरु सञ्चालक समिति तथा साधारण सभा/विशेष साधारण सभाबाट आधिकारिक निर्णय हुनु अगावै सम्बन्धित कम्पनीका अध्यक्ष/सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत सहितका उच्च स्तरका पदाधिकारीहरुबाट विभिन्न सञ्चार माध्यमहरु मार्फत् अन्तर्वार्ता तथा लेखहरुबाट सम्प्रेषण हुने समाचारहरुप्रति नजर पुर्‍याउँदै बोर्डले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम उक्त सूचनाहरु बोर्डमा जानकारी गराई आधिकारिक व्यक्तिबाट मात्र सार्वजनिक गर्ने व्यवस्था गर्न निर्देशन दिएको छ । साथै उक्त व्यवस्थाको पालना नगरेको देखिएमा सम्बन्धित कम्पनीको धितोपत्रको कारोबार रोक्का गर्ने लगायतको कारवाही हुने तर्फ समेत बोर्डले सचेत गराएको छ ।

## धितोपत्र सम्बन्धी कानुनी व्यवस्थामा सुदृढीकरण

### धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) मा दोस्रो संशोधन:

बोर्डले आस्बा प्रणालीलाई अझ सरल र व्यवहारिक बनाउने उद्देश्यले मिति २०७३ चैत्र २७ देखि लागु हुने गरी धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ मा दोस्रो संशोधन गरेको छ । संशोधन पश्चात पचास प्रतिशतभन्दा बढी सरकारी स्वामित्व रहेका वाणिज्य बैंकले समेत आस्वा प्रणालीमा आवद्ध हुन सक्ने व्यवस्था गरिएको छ । साथै अनुमतिप्राप्त बैंक तथा वित्तीय संस्थाले बोर्डले तोकेको ढाँचामा दरखास्त फारम तयार गरी वेबसाइट मार्फत समेत उपलब्ध गराउन सक्ने व्यवस्था गर्दै विद्युतीय माध्यमबाट संकलन गरेको दरखास्त फारमको विवरणलाई दैनिक रुपमा सम्बन्धित निष्कासन तथा विक्री प्रबन्धकलाई पठाउनुपर्ने व्यवस्था समेत गरेको छ । आवेदन सम्बन्धी विवरण निष्कासन तथा विक्री प्रबन्धकलाई पेश गर्दा प्रणालीगत प्रतिवेदन (System Confirmation Report) को रुपमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ साथै बैंक तथा वित्तीय संस्थाहरुले दर्ता हुन आएका सम्पूर्ण दरखास्तहरु धितोपत्रको बिक्री बन्द भएको मितिले एक महिनाभित्र सम्बन्धित निष्काशनकर्ता कम्पनीमा पठाउनुपर्ने व्यवस्थासमेत उक्त संशोधनले थपेको छ ।

निर्देशिकामा भएको दोस्रो संशोधनले आवेदकको खातामा रहेको रकम भन्नाले खातामा रहेको ऋण वा ओभरड्राफ्ट बाहेकको रकमलाई जनाउने प्रष्ट पारेको छ जसले ऋण रकमबाट आवेदन दिन नमिल्ने स्पष्ट व्यवस्था गरेको छ । साथै बैंक तथा वित्तीय संस्थालाई धितोपत्र खरिद सम्बन्धी दरखास्तमा समावेश भएका कागजात तथा विवरणको आवश्यक जाँफबुझ तथा हितग्राही खाता रुजु गर्ने अधिकार समेत प्रदान गर्दै उक्त प्रयोजनको लागि धितोपत्र केन्द्रीय निक्षेव सेवा प्रदायकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुलाई आवश्यक विद्युतीय कारोबार सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था समेत थपेको छ । उक्त सुविधा लिएबापत बैंक तथा वित्तीय संस्थाले प्रति दरखास्त दुई रुपैयाँका दरले केन्द्रीय निक्षेप सेवालाई भुक्तान गर्नुपर्नेछ भने बोर्डको स्वीकृति लिएर केन्द्रीय निक्षेप सेवा प्रदायकले अन्य थप शुल्क लिने पाउने व्यवस्था भएको छ । त्यस्तै बैक तथा वित्तीय संस्थाले प्रति दरखास्त अधिकतम एक सय रुपैयाँसम्म दरखास्तावालाबाट लिन पाउने व्यवस्था गरी लगानीकर्तालाई पर्ने आर्थिक भार कम गरेको छ । यसअघि ती संस्थाहरुले रु. ५०,००० को आवेदनमा बढीमा रु. १०० र सो भन्दा माथिको आवेदनमा रु. २५० लिन पाउने प्रावधान रहेको थियो । साथै बैंक तथा वित्तीय संस्थाहरुले निष्कासन तथा विक्री प्रबन्धकलाई प्रति दरखास्त दश रुपैयाँ मात्र बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

साथै संशोधनले दरखास्त फारमको ढाँचामा समेत फेरबदल गर्दै नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता, खरिद गर्न चाहेको धितोपत्रको संख्या र रकमलाई अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने लगायतका व्यवस्थाहरु गरेको छ ।

## क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा पहिलो संशोधन (२०७४।०१।२२):

क्रेडिट रेटिङ्ग व्यवसायलाई नियमित र थप व्यवस्थित गर्ने उद्देश्यले २०६८ सालमा जारी गरिएको क्रेडिट रेटिङ्ग नियमावली, २०६८ लाई समसामयिक बनाउन २०७४ बैशाख २२ मा उक्त नियमवालीमा दोस्रो संशोधन गरिएको छ । संशोधनपश्चात् नियमावलीले तोके बमोजिम योग्यता पुगेका विदेशमा स्थापित भई क्रेडिट रेटिङ्ग व्यवसाय गरिरहेका संस्था वा सहायक कम्पनी मार्फत् क्रेडिट रेटिङ्ग गरिरहेका संस्थाले कम्तीमा ५१ प्रतिशत र बढीमा ७५ प्रतिशत स्वामित्व ग्रहण गरी प्रचलित कानुन बमोजिम नेपालमा संयुक्त लगानीमा कम्पनी स्थापना गरी क्रेडिट रेटिङ्ग व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्था भएको छ । यस अघि त्यस्ता विदेशी क्रेडिट रेटिङ्ग कम्पनीहरुले न्यूनतम २५ प्रतिशत र अधिकतम ७५ प्रतिशत स्वामित्व कायम गर्न पाउने व्यवस्था थियो । साथै विदेशमा स्थापना भएको निवेदक संस्था वा निवेदक संस्थाको सहायक कम्पनीको हकमा कम्तीमा तीन वर्षको क्रेडिट रेटिङ्ग व्यवसाय सम्बन्धी अनुभव भएको तथा उक्त कम्पनी रहेको मुलुकको नियमन निकायबाट क्रेडिट रेटिङ्ग व्यवसाय गर्न अनुमतिपत्र प्रदान गरेको कम्तीमा तीन वर्ष पूरा भएको र त्यस्तो अनुमतिपत्र हालसम्म वहाल रहेको हुनुपर्ने व्यवस्था भएको छ । यसअघि उक्त व्यवसाय सम्बन्धी अनुभव न्यूनतम पाँच वर्ष हुनुपर्ने व्यवस्था गरिएको थियो ।

साथै निवेदक संस्थाले क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त नगरेको तर सहायक कम्पनीले क्रेडिट रेटिङ्ग कार्य गर्न अनुमतिपत्र प्राप्त गरेको भएमा सहायक कम्पनीको प्रबन्धपत्र तथा नियमावली वा तत् कागजातको प्रमाणित प्रतिलिपि, निवेदक संस्था र सहायक कम्पनीको सम्बन्ध खुल्ने कागजात र सहायक कम्पनी दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सम्बन्धित नियमन निकायबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न प्राप्त अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, सम्बन्धित कम्पनीले विगत तीन वर्षमा क्रेडिट रेटिङ्ग सम्बन्धी कार्यको विवरण, पछिल्लो लेखापरिक्षण प्रतिवेदन, निवेदक कम्पनी र नेपाली पक्षबिच भएको संयुक्त लगानी सम्झौताको प्रतिलिपि र नेपालमा स्थापित हुने कम्पनीलाई प्राविधिक सहयोग गर्न खुलाइएको सम्झौता लगायतका कागजात तथा विवरणहरु पेश गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

## धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा संशोधन(२०७२।०२।०४):

बोर्डले धितोपत्र दलाल व्यवसायीको सेवालाई समयसामयिक, व्यवसायिक र प्रतिष्पर्धी बनाउनको लागि धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा प्रथम संशोधन गरेको छ । खासगरी धितोपत्र दलाल व्यवसायीको चुक्ता पुँजी, शाखा कार्यालयको पूर्वाधार, शाखा खोल्न बोर्डको स्वीकृति लिनुपर्ने व्यवस्थाहरु सहित धितोपत्र व्यवसायको शाखा विस्तारलाई व्यवस्थित गरी शाखा विस्तार सँगसँगै बढ्ने जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्य लिई नेपाल सरकारको स्वीकृतिमा उक्त संशोधन गरिएको हो । यस नियमावलीमा भएका मुख्य संशोधन देहाय बमोजिम रहेका छन् ।

(क) धितोपत्र दलाल कम्पनीको चुक्ता पुँजी २०७४ पुष मसान्तसम्म रु. २ करोड हुनुपर्ने,

(ख) मुख्य कार्यालय तथा शाखा कार्यालयको क्षेत्रफल कम्तीमा एक हजार वर्ग फिट हुनुपर्ने,

(ग) मुख्य कार्यालय तथा शाखा कार्यालयमा कम्तीमा वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, कानुन विषयमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी गरेको व्यक्ति प्रमुख र परिपालन (Compliance) अधिकृत तथा सूचना प्रविधि सहित कम्तीमा पाँच जना कर्मचारी हुनुपर्ने,

(घ) शाखा कार्यालयबाट हुने कारोबार यथासम्भव चाँडो मुख्य कार्यालय मार्फत् हुने व्यवस्था गर्नुपर्ने,

(ङ) धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालयमा देहायको व्यवस्था हुनुपर्ने

- कम्तीमा तीन थान कम्प्युटर र त्यसका लागि Power Backup भएको हुनुपर्ने,
- कारोबार कक्ष तथा डिस्प्ले कक्ष छुट्टाछुट्टै हुनुपर्ने,
- टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट, इन्ट्रानेट तथा सिसीटिभि जस्ता पूर्वाधारहरुको व्यवस्था हुनुपर्ने,
- कार्यालयको लागि आवश्यक पर्ने फर्निचर, फिक्सचर्स तथा कार्यालय सामग्रीहरुको यथोचित व्यवस्था हुनुपर्ने,
- कारोबार गर्ने कम्प्यूटरमा कम्तीमा Mega Bits (Fast Ethernet) Network को प्रयोग भएको र Operating System Windows 7 वा त्यसभन्दा आधुनिक हुनुपर्ने, Network का लागि Manageable Network Switch प्रयोग गर्नुपर्ने र Hub प्रयोग गर्न नपाउने,

- धितोपत्र दलाल व्यवसायीको कारोबारको लागि व्यवस्था भएका सबै नीति नियम शाखा कार्यालयमा समेत लागू हुने,
- प्रत्येक शाखा कार्यालयले काठमाडौमा उपलब्ध मुख्य कार्यालयले व्यवस्था गरेको Deposit को आधारमा कारोबारको Limit प्राप्त गर्नुपर्ने,
- मुख्य कार्यालयले शाखा कार्यालय सञ्चालन र व्यवस्थापन सम्बन्धमा एक कार्यविधि बनाई लागू गर्नुपर्ने र सो कार्यविधि अनिवार्य रुपमा बोर्ड र नेप्सेलाई उपलब्ध गराउनुपर्ने,
- आफ्नो वेबसाइट मार्फत् संस्थाको जानकारी गराउने व्यवस्था गर्नुपर्ने ।

## नेपाल धितोपत्र बोर्डका कर्मचारी आचारसंहिता, २०७३ (२०७३।१२।०३):

बोर्डको आन्तरिक सुशासनमा सुधार ल्याई समग्र धितोपत्र बजारमा सुशासनको अवस्थालाई सुदृढ तुल्याउने उद्देश्यले बोर्डका कर्मचारीहरूको आचार र व्यवहार व्यवस्थित गरी आफ्नो पदीय जिम्मेवारीप्रति उत्तरदायी एवं संवेदनशील बनाउन नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवाशर्त नियमावली, २०६८ को नियम १२८ ले दिएको अधिकार प्रयोग गरी २०७३ चैत ४ देखि लागू हुने गरी नेपाल धितोपत्र बोर्डका कर्मचारीहरूको आचारसंहिता, २०७३ जारी भएको छ । उक्त आचारसंहितामा बोर्डका कर्मचारीले सेवा अवधिभर आफ्नो वा आफ्नो एकाघरको परिवारको नाममा बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका संस्थाहरुको संस्थापक सेयरमा लगानी गर्न नहुने साथै सूचिकृत कम्पनीको सेयर दोस्रो बजारबाट तथा प्रिमियम मूल्य तोकी निष्काशन भएको सेयर खरिद गर्न नहुने व्यवस्था गरेको छ । साथै कर्मचारीले बोर्डको कामसँग सम्बन्धित कुनै व्यक्तिसँग ऋण सापटी लिन वा निजको आर्थिक कृतज्ञतामा पर्ने कार्य गर्न नहुने, बोर्डबाट इजाजत प्राप्त संस्थाले औपचारिक सामूहिक कार्यक्रमको सिलसिलामा आयोजित बाहेक अन्य भोज भतेरमा सहभागी हुन नहुने तथा अन्य देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन नहुने लगायतका व्यवस्था गरेको छ ।

## आ.व. २०७४।७५ मा अपनाइने पुँजी बजार सम्बन्धी नीति तथा कार्यक्रम सम्बन्धमा छलफल कार्यक्रम (२०७४।०३।२८):

बोर्डले आर्थिक वर्ष २०७४।७५ मा अपनाइने पुँजी बजार सम्बन्धी नीति तथा कार्यक्रम सम्बन्धमा सरोकारवाला पक्षहरु वीच २०७४ आषाढ २८ गते छलफल कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रममा पूर्व बोर्ड अध्यक्ष, नेपाल राष्ट्र बैंकका प्रतिनिधि, नेप्सेका प्रतिनिधि, सीडिएससीका प्रमुख कार्यकारी अधिकृत, मर्चेण्ट बैंकर एशोसियसन र ब्रोकर एशोसियसनका अध्यक्ष तथा प्रतिनिधिहरु, सेयर लगानीकर्ता संघका अध्यक्ष तथा लगानीकर्ता, नेपाल बैंकर एशोसियसनका प्रतिनिधि, विश्वविद्यालयका वरिष्ठ प्राध्यापक, अर्थविद, नेप्सेका पूर्व अध्यक्ष तथा पुँजी बजारका विज्ञसहित अन्य सरोकारवाला पक्ष गरी करीव १५० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक परिष्टनाथ पौड्यालले चालु आ.व. २०७३।७४ को कार्य प्रगतिको समीक्षा तथा पुँजी बजार नियमन तथा विकासका महत्वपूर्ण मुद्दा तथा चुनौतीहरु र प्राथमिकता सम्बन्धमा प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा सेयर लगानीकर्ता संघका अध्यक्ष उत्तम अर्यालले देशको कूल बजेट रकमको करिब १७ प्रतिशत बराबरको वार्षिक धितोपत्र कारोवार हुनुले धितोपत्र बजारको महत्व स्पष्ट देखिएको उल्लेख गर्दै धितोपत्र बजारसम्बद्ध निकायलाई सरकारले नियन्त्रित गरेजस्तो देखिएको र यस बजारलाई अनुत्पादक क्षेत्र भनी परिभाषित गरिएकोमा आपत्ति जनाउँदै यसमा परिवर्तन हुनुपर्ने कुरामा जोड दिनुभयो । साथै उहाँले लगानीकर्ताको लागत बढ्ने गरी कुनै कार्य गर्न नहुने, संस्थागत लगानीकर्ता भित्र्याउने कुराले मूर्त रुप लिनुपर्ने, सेयर किनबेचमा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गर्नुपर्ने, हकप्रद सेयर निष्काशनको अनुमतिपश्चात् निश्चित अवधिभित्र सेयर जारी गर्नुपर्ने व्यवस्था गर्नुपर्ने कुरामा जोड दिनुभयो । मर्चेण्ट बैंकर एशोसियसनका अध्यक्ष प्रविण रमण पराजुलीले ओपन इन्ड म्युचुअल फण्ड, भेन्चर क्यापिटल, प्राइभेट इक्विटि फण्ड आदिको नियमन सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्ने, सामूहिक लगानी कोषमा गरिने लगानीलाई कर छुटको दायरामा ल्याई प्रोत्साहनमूलक नीति अबलम्वन गर्नुपर्ने, Online कारोवार प्रणाली विकास गर्दा पूर्ण रुपको Internet Based Trading हुनुपर्ने, प्रत्यक्ष नियमनकारी निकाय नभएका वास्तविक क्षेत्रका कम्पनीको पारदर्शीता अभिबृद्धिमा विशेष जोड दिनुपर्ने सुझाव दिनुभयो भने स्टक ब्रोकर एशोसियशनका अध्यक्ष प्रियराज रेग्मीले दोस्रो बजारको जोखिम न्यूनीकरण गर्न संस्थागत रुपमा Settlement Guarantee Fund / Auction Market को व्यवस्था गर्नुका साथै दलाल व्यवसायीमार्फत मार्जिन लेण्डिङ्गको व्यवस्था हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बोर्डका संस्थापक अध्यक्ष डम्बर प्रसाद ढुङ्गेलले पुँजी बजारसम्बद्ध सरोकारवाला निकायहरुले खेलेको भूमिकाबाट प्रभावित भएको बताउदै सामूहिक लगानी कोषलाई लगानीकर्तामैत्री बनाउनुपर्ने तथा बोर्डले नागरिक लगानी कोषको प्रभावकारी नियमन गर्नुपर्ने बताउनुभयो । यस्तै बोर्डका पूर्व अध्यक्ष बाबुराम श्रेष्ठले बजारले विस्तारै परिपक्वता ग्रहण गरिरहेको बताउनुभयो । त्रिभुवन विश्वविद्यालयका प्रा.डा.राधेश्याम प्रधान, प्रा.डा.राजन बहादुर पौडेल तथा अर्थशास्त्री डा.जीवनाथ धितालले विश्वविद्यालयस्तरीय पाठ्यक्रममा पुँजी बजारसम्बन्धी विषयवस्तुहरु विस्तृत रुपमा राख्नुपर्ने, Academician र Practitioner बीच निरन्तर अर्न्तकृया हुनुपर्ने, विश्वविद्यालयमा हुने पुँजी बजारसम्बन्धी अनुसन्धनात्मक कार्यलाई प्रोत्साहन गरी यस्ता अनुसन्धानलाई बढी व्यवहारिक बनाउनुपर्ने, अग्राधिकार सेयर तथा ऋणपत्र बजार विकास गर्न प्रोत्साहनमूलक नीति लिई कर छुटको व्यवस्था गर्नुपर्ने, लगानीकर्ता प्रशिक्षणमा विशेष जोड दिनुपर्ने, विद्यालयस्तरको पाठ्यक्रममा Personal Finance सम्बन्धी पाठ्यक्रम समावेश गराउनुपर्ने, बैंक वित्तीय संस्थाबाहेक अन्यको सूचना प्रवाह कमजोर रहेकोले त्यसमा सुधार ल्याउनुपर्ने, आम लगानीकर्तालाई केन्द्रमा राखेर बोर्डले नियम बनाई लगानीकर्ताको लगानी सुरक्षित हुने वातावरण बनाउनुपर्ने तथा ब्रोकर सेवा देशव्यापी बनाई घर घरबाट नै धितोपत्रको कारोवार हुने व्यवस्था गर्नुपर्ने जस्ता कुरामा जोड दिनुभयो ।

बैंकर्स एशोसियसनका प्रतिनिधिले ब्रोकर लाइसेन्स बैंकलाई पनि दिनुपर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो भने कार्यक्रममा सहभागी अन्य विज्ञहरुले भित्री कारोवार रोक्नेतर्फ जोड दिनुपर्ने, प्राकृतिक स्रोत साधन उपयोग गर्ने कम्पनीलाई सार्वजनिक निष्काशन अनिवार्य गर्नुपर्ने, वित्तीय सल्लाहकारको समेत नियमन व्यवस्था हुनुपर्ने, धितोपत्र बजारसम्बन्धी गतिविधिलाई पारदर्शी

तथा सूचना प्रविधियुक्त बनाउनुपर्ने, बजार सहभागीहरुको क्षमता अभिबृद्धिका लागि धितोपत्र बजार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्नुपर्ने, सिडिएससीले लगानीकर्ता पहिचानको व्यवस्था गर्नुपर्ने, बजारमा स्थिरता ल्याउन तथा विश्वसनीयता अभिबृद्धि गर्न धितोपत्र व्यापारी तथा बजार निर्माताको व्यवस्था गर्नुपर्ने, आर्थिक पत्रकारहरुलाई धितोपत्र बजारसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने, प्राथमिक बजार देशव्यापी भएसँगै दोस्रो बजार सेवासमेत देशव्यापी हुनुपर्ने, नियमन निकायहरुबीच समंवय हुनुपर्ने तथा संस्थागत लगानीकर्ता एवं गैर आवासीय नेपालीलाई बजारमा भित्र्याउनुपर्ने, बजारको बढ्दो आकार तथा बढ्दै गएको चुनौतीहरुको सन्दर्भमा बोर्डको नियमन क्षमता बढाउनमा ढिलाई गर्न नहुने जस्ता महत्वपूर्ण सुझावहरु दिनुभएको थियो ।

गत आ.व.देखि आयोजना गर्न थालिएको उक्त कार्यक्रममा बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्कीले पुँजीबजार विकासमा बोर्ड निरन्तर प्रयासरत रहेको र बोर्डको प्रयासलाई थप गतिशिलता दिन आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्नु अघि सरोकारवालासँग छलफल कार्यक्रम आयोजना गरिएको बताउनु भयो । कार्यक्रमको संचालन बोर्डका निर्देशक डा.नवराज अधिकारीले गर्नुभएको थियो भने बोर्डका अर्का निर्देशक मुक्तिनाथ श्रेष्ठले कार्यक्रमको अन्तमा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बोर्डको उच्चस्तरीय टोलीबाट अष्ट्रेलियन पुँजी बजारको अध्ययन भ्रमण

Australian Securities and Investment Corporation (ASIC) बाट ASIC, Australian Stock Exchange, Australian Commodities र Australian Securities Depository को अध्ययन भ्रमणको लागि निमन्त्रणा प्राप्त भए बमोजिम बोर्ड अध्यक्ष डा. रेवत बहादुर कार्कीको नेतृत्वमा बोर्ड सदस्यद्वय अर्थ मन्त्रालयका सह-सचिव आनन्दराज ढकाल र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव श्री तोयानाथ अधिकारी तथा बोर्डका कार्यकारी निर्देशक श्री निरज गिरी सहितको टोलीले अष्ट्रेलियन पुँजी बजारको भ्रमण गरेको छ । नेपालको धितोपत्र बजारको विकासको लागि हाल विभिन्न कार्यहरु अगाडि बढिरहेको तथा बोर्डलाई कमोडिटी बजारको नियमन गर्ने जिम्मेवारी थप हुन लागेको सन्दर्भमा स्टक एक्सचेन्ज र कमोडिटिज बजार दुवैको सञ्चालन र नियमन भैरहेको अष्ट्रेलियन पुँजी बजारको अध्ययन भ्रमणलाई बोर्डले विशेष रुपमा लिएको छ । यस भ्रमणले अष्ट्रेलियामा कमोडिटी बजारको कानुनी तथा नियमन व्यवस्थामा जानकारी हासिल गर्नुका साथै बजारको अनुगमन तथा सुपरिवेक्षणका अतिरिक्त बजारमा विश्वसनियता अभिवृद्धि गर्नको लागि नियामकले खेल्नुपर्ने भूमिकाको बारेमा समेत जानकारी प्राप्त भएको छ । अध्ययनको क्रममा मुख्यतः Equity Derivatives, Commodity Derivatives, FS Derivatives, Trading Risk Management, Smart Surveillance System, Risk Management Policies and Procedures को सम्बन्धमा अन्तर्क्रियात्मक छलफल भएको थियो । साथै भ्रमणको क्रममा ASIC का उच्च पदाधिकारीहरुसँग भेटघाट भएको र उक्त भेटघाटमा धितोपत्र बजार विकासको लागि मुख्यतः अनलाइन सुपरिवेक्षण र द्विपक्षीय सहयोगको सम्बन्धमा समेत छलफल भएको थियो । समग्रमा यस भ्रमणबाट अष्ट्रेलियन पुँजी बजारको विकास तथा विस्तार तथा सोको लागि भएका प्रयासहरु, नियमन तथा बजार संरचनाहरुको सम्बन्धमा जानकारी प्राप्त भएकोले आगामी दिनमा नेपालको धितोपत्र बजारको विकास, विस्तार तथा विश्वसनियता अभिवृद्धि साथै स्टक एक्सचेन्ज र कमोडिटिज बजार सञ्चालन र नियमन लागि उपयुक्त नीति, योजना तथा कार्यक्रम निर्माण गर्न सहज हुने देखिएको छ । अध्ययन भ्रमणपश्चात् उक्त भ्रमण टोलीले अध्ययन भ्रमण प्रतिवेदन बोर्डमा पेश गरेको छ ।

## सेवीको विज्ञ समूहद्वारा सेवोनका कर्मचारीहरूलाई तालिम

बोर्डको संस्थागत क्षमता अभिबृद्धिका क्रममा बोर्डले आफ्नो जनशक्ती दोब्बर गरेकोमा बढेको जनशक्तीलाई प्रशिक्षित गरी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उदीयमान धितोपत्र बजारको संरचना, नियमन तथा सुपरिवेक्षण विधि, नियमन निकायको सांगठनिक संरचना लगायतका विषयमा बोर्डका कर्मचारीलाई प्रशिक्षण गर्न बोर्डले छिमेकी मुलुक भारतको धितोपत्र बजारको नियमन निकाय भारतीय प्रत्याभूति तथा विनिमय बोर्ड (सेवी) संग प्राविधिक सहयोगका लागि अनुरोध गरेको थियो । बोर्डको अनुरोध अनुसार सेवीका महाप्रबन्धक बि.एन.साहूको नेतृत्वमा आएको तीन सदस्यीय विज्ञ टोलीमार्फत् धितोपत्र बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धमा बोर्डका कुल ३५ जना कर्मचारीहरुलाई ३ दिने गहन तालिम कार्यक्रम सम्पन्न भयो ।



*सेवीकोविज्ञ प्रतिनिधिका साथमा बोर्डका कर्मचारीहरु*

कार्यक्रममा सेवीको विज्ञ समूहले सेवीको सांगठनिक संरचनाको जानकारी दिदै सेवीले ऐनमार्फत धितोपत्र बजार नियमन गर्न आफैले आवश्यक नीति नियम बनाउन सक्ने विधायकी (Legislative), संचालनमा पूर्ण स्वायत्तता

सहितको कार्यकारी (Executive) र नियम उल्लंघन गर्नेलाई कारवाही गर्न सक्ने न्यायिक (Judicial) अधिकार प्राप्त गरेको र सोही अनुसार बोर्डको संरचनामा विज्ञ सदस्यहरुको बाहुल्यता हुनुका साथै सेवीको अध्यक्षलाई मुख्य महाप्रबन्धकसम्मको पद सृजना गर्ने अधिकार समेत भई प्रभावकारी नियमन र सुपरिवेक्षण गर्न सक्षम रहेको जानकारी दिएको थियो । साथै, उक्त विज्ञ समूहले धितोपत्र बजारमार्फत सर्वसाधारणसँग रहेको पुँजी उत्पादनशील क्षेत्रमा परिचालन गरी अर्थतन्त्र विकास-विस्तारका लागि नेपालको विद्यमान प्राथमिक बजारमा संरचनात्मक सुधार गर्नुपर्ने तर्फ जोडदिँदैभारतीय पुँजी बजार नियम परिपालना सम्बन्धी व्यवस्थाहरु अन्तर्राष्ट्रिय वित्तीय सूचना प्रवाह स्तर तथा संस्थागत सुशासन केन्द्रीत रहेको, कारोवारको क्रममा भएको वार्ताको अभिलेख (Voice Record) र प्रणालीको संपरिक्षण (System Audit) को व्यवस्था, Online कारोवार, राफसाफ तथा फछ्र्यौट (T+2), Settlement Guarantee Fund र Auction Market सम्बन्धी व्यवस्था, लगानीकर्ता संरक्षण कोषको व्यवस्था, Automated Surveillance System को व्यवस्था, Book Buildig Mechanism मार्फत सार्वजनिक निष्काशनको मूल्य निर्धारण हुने व्यवस्था, Merger, Takeover, Buyback तथा Commodity Derivatives Markets समेत सेवीले नियमन गर्ने व्यवस्था, संचालक तथा कर्मचारीको लागि छुट्टै आचार संहिता, स्टक एक्सचेञ्ज तथा नियमन निकायका कर्मचारीहरुले सेयरमा लगानी गर्न नपाउने व्यवस्था लगायतका विषयवस्तुहरु विस्तृतरुपमा प्रस्ट्याएको थियो ।

उक्त कार्यक्रमको समापन मन्तव्य दिदै बोर्ड अध्यक्ष डा.रेवत बहादुर कार्कीले सेवोन र सेवी करिव सँगसँगै स्थापित भएपनि विकासको क्रममा सेवी धेरै अगाडि बढी सकेकोले सेवोनले सेवीबाट धेरै जानकारी लिन सक्ने र सेवोनले संरचनात्मक तथा सांगठनिक रुपमा आफूलाई बलियो बनाउँदै लानुका साथै आफ्नो क्षमता अभिबृद्धि गर्दै धितोपत्र बजार नियमन तथा सुपरिवेक्षणमा पनि सवल भएको सावित गर्दै जानुपर्ने बताउनुभयो । बोर्ड अध्यक्ष डा.कार्कीले सेवीको प्राविधिक सहयोगमा सम्पन्न तालिम कार्यक्रमबाट बोर्डका कर्मचारीहरुलाई पुँजी बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धमा गहन जानकारी प्राप्त भएको बताउदै यसबाट बोर्डका कर्मचारीहरुको क्षमता अभिवृद्धि भई कार्य सम्पादनमा सुधार आउने विश्वास व्यक्त गर्नुभयो । बोर्डका कार्यकारी निर्देशक श्री परिष्टनाथ पौडेलले स्वागत मन्तव्य तथा बोर्डका निर्देशक श्री विनयदेव आचार्यद्वारा धन्यवाद ज्ञापन गरिएको उक्त कार्यक्रमको संयोजन बोर्डका निर्देशक डा.नवराज अधिकारले गर्नु भएको थियो ।

## धितोपत्रको दोस्रो बजारमा लगानी कम्पनी (Investment Company) सम्बन्धी अध्ययन

लगानीकर्ताको अनुशासित एवम् विवेकशिल संलग्नताबाट धितोपत्र बजार स्वच्छ, प्रभावकारी र विश्वासिलो हुने परिप्रेक्ष्यमा बजारमा के कस्ता लगानीकर्ताहरुको उपस्थिति एवम् संलग्नता रहेको छ भन्ने तथ्य यकिन हुन आवश्यक देखिएकोले बोर्डले धितोपत्रको दोस्रो बजारमा निजी लगानी कम्पनीहरुको स्थिति पत्ता लगाई यिनीहरुको गतिविधी व्यवस्थित गर्ने उद्देश्यले दोस्रो बजारमा इन्भेष्टमेन्ट कम्पनी सम्बन्धी प्रारम्भिक अध्ययन गरेको छ । बजारमा रहेका सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरु मार्फत् धितोपत्रको कारोबार गरिरहेका लगानी कम्पनीहरु सम्बन्धी विवरण माग गरी प्राप्त विवरणलाई अध्ययनको मुख्य आधार बनाइएको छ ।

यस अध्ययनबाट बजारमा हाल १००० को संख्यामा निजी लगानी कम्पनीहरु रहेको देखिएको छ । यस्ता अधिकांश कम्पनीहरुको स्थापनाको उद्देश्य हेर्दा धितोपत्र बजारमा लगानी गर्ने उद्देश्य नदेखिएतापनि धितोपत्र बजारमा लगानी गरिरहेको देखिएको छ । धितोपत्र बजारमा लगानी गर्ने उद्देश्य सहित स्थापना भएका कम्पनीहरु भने ३०० (करिब एक तिहाई) को हाराहारीमा मात्र रहेको प्रारम्भिक अध्ययनले देखाएको छ । साथै एउटै व्यक्ति कार्यकारी प्रमुखको रुपमा रही २० वटासम्म लगानी कम्पनीहरु स्थापना गरी धितोपत्र कारोबार गरिरहेको पनि देखिएको छ ।

बजारमा अन्य संस्थागत लगानीकर्ता तथा धितोपत्र व्यापारीको समेत अभाव भएको हालको अवस्थामा यस्ता निजी लगानी कम्पनीहरुलाई व्यवस्थित गर्न आवश्यक देखिएको छ । यस सन्दर्भमा यस प्रारम्भिक अध्ययनबाट लगानी कम्पनीको सन्दर्भमा थप अध्ययन गरी यस्ता कम्पनीहरुलाई पुँजी बजारको नियमन दायरामा ल्याउन सहज हुने र यसबाट लगानी कम्पनीहरुको गतिविधी समेत पारदर्शी भई दोस्रो बजार थप व्यवस्थित रुपमा विकास तथा विस्तार हुने देखिन्छ ।

## प्राथमिक र दोस्रो बजार विस्तार गर्ने क्रममा बोर्डको देशव्यापी लगानीकर्ता सचेतना अभिबृद्धि अभियानमा

२०७२ माघदेखि सम्पूर्ण सूचिकृत कम्पनीहरुको अभौतिकृत धितोपत्रको मात्र कारोवार हुने गरी पूर्ण स्वचालित सेवा (Full Automation) को व्यवस्था, २०७३ माघबाट सार्वजनिक निष्काशनमा डिम्याट खाता अनिवार्य गरिएको तथा ASBA प्रणाली समेत लागू भएको परिप्रेक्ष्यमा बोर्ड धितोपत्रको प्राथमिक तथा दोस्रो बजारको विस्तार गर्ने क्रममा वित्तीय साक्षरता अभियानमा जुटेको छ । यसै सन्दर्भमा बोर्डले २०७३ फाल्गुण महिनामा मध्य पश्चिमाञ्चलको दाङ्ग, सल्यान र रुकुम तथा फाल्गुण महिनामा सुदुर पश्चिमाञ्चलको डोटी, बाजुरा तथा डडेल्धुरामा सम्बन्धित जिल्ला उद्योग वाणिज्य संघको संयुक्त आयोजना तथा विभिन्न कलेजहरुको संयोजनमा छुट्टाछुट्टै पुँजी बजार सम्बन्धमा जनचेतना अभिवृद्धि तथा अन्र्तकृया कार्यक्रम सम्पन्न गरेको छ ।

**दाङ्ग, सल्यान र रुकुम**ः दाङ्ग उद्योग बाणिज्य संघका उपाध्यक्ष श्री नारायण प्रसाद भुषालको सभापतित्वमा दाङ्गमा भएको पुँजी बजारसम्बन्धी जनचेतना अभिवृद्धि तथा अन्र्तकृया कार्यक्रममा प्रमुख अतिथिको रुपमा प्रमुख जिल्ला अधिकारी श्री गणेश आचार्यले बोर्डले संचालन गरेका पुँजी बजारसम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रमले काठमाडौं केन्द्रित पुँजी बजारले दाङ्ग जिल्लामा समेत लगानीको लागि वातावरण बनाउने विचार व्यक्त गर्नुभयो । यसका अतिरिक्त सल्यान उद्योग बाणिज्य संघका अध्यक्ष श्री सधन श्रेष्ठको सभापतित्वमा सल्यानमा भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा प्रमुख जिल्ला अधिकारी श्री भरत कुमार बुढाथोकीले बोर्डले लगानीकर्ताहरुको बजारप्रतिको बिश्वास अभिबृद्धि गर्न नियमन तथा सुपरिवेक्षण कार्यलाई अझै प्रभावकारी रुपमा अगाडि बढाउनुपर्ने धारण व्यक्त गर्नु भयो । साथै सल्यान जिल्लामा अवस्थित शिवजन क्याम्पस तथा भिक्टोरिया इन्टरनेशनल कलेजमा छुट्टाछुट्टै पुँजी बजार सम्बन्धी थप कार्यक्रम समेत सम्पन्न भयो । त्यस्तै रुकुम उद्योग बाणिज्य संघका उपाध्यक्ष श्री वाल कुमारी गिरीको सभापतित्वमा रुकुममा भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा निमित्त प्रमुख जिल्ला अधिकारी श्री शेर बहादुर पुनले नेपाल धितोपत्र बोर्डले पुँजी बजारमा हालसालै गरेका विभिन्न सुधार तथा



*दाङमा आयोजित पुंजी बजार सम्बन्धी जनचेतना अभिवृद्धि एवं अर्न्तक्रिया कार्यक्रमका सहभागीहरु*

सकारात्मक पक्षहरुले गर्दा नेपालको पुँजी बजार लगानीकर्तामैत्री भई अर्थतन्त्रको ऐनाको रुपमा विकास हुँदै गइरहेको धारणा व्यक्त गर्नु भयो । यस्तै कार्यक्रम रुकुमको त्रिभुवन जनता उ. मा.बि.मा करीव १६० जनाभन्दा बढी विद्यार्थी तथा शिक्षकहरुको सहभागितामा सम्पन्न भएको थियो । उक्त कार्यक्रमहरुमा स्थानीय सरकारी निकायका पदाधिकारीहरु, जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारीहरु, लगानीकर्ताहरु, शिक्षक, विद्यार्थी, व्यवसायी, पत्रकार तथा सर्वसाधारणहरुको सहभागितामा नेपालको पुँजी बजारका विविध पक्षहरु, पुँजी बजारका संभावना तथा चुनौतीहरुको बारेमा उत्सुकतापूर्वक विभिन्न जिज्ञासाहरु राख्दै अर्न्तकृया सम्पन्न भएको थियो ।



*डडेल्धुरामा आयोजित पुँजी बजारसम्बन्धी जनचेतना अभिवृद्धि एवं अर्न्तक्रिया कार्यक्रमका सहभागीहरु*

उल्लेखित कार्यक्रमहरुमा उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै बोर्डका अध्यक्ष डा.रेवत बहादुर कार्कीले काठमाडौं केन्द्रित रहेको पुँजीबजारलाई देशव्यापी वनाउन क्रममा जनचेतना बढाउने उद्देश्यले यस्ता कार्यक्रम आयोजना गरिएको जानकारी गराउँदै प्राथमिक बजारमा धितोपत्रको सार्वजनिक निष्काशन कार्यलाई छिटो छरितो र पारदर्शी बनाई सर्वसाधारण लगानीकर्ताहरुले सहज रुपमा धितोपत्र खरीद गर्न सक्ने व्यवस्था गर्न यही माघ १ गते देखि ASBA प्रणालीको लागू गरिएको र सो प्रणालीले गर्दा देशभर विभिन्न बैंक तथा वित्तीय संस्थाहरुका २ हजार भन्दा बढी शाखा मार्फत आवेदन गर्न सक्ने व्यवस्था भई धितोपत्रको प्राथमिक बजार विस्तार भएको र दोस्रो बजार सेवालाई क्रमश: देशव्यापी बनाउन धितोपत्र दलालको शाखालाई काठमाडौं बाहिर विस्तार गर्न लागिएको जानकारी गराउनु भयो । त्यसै गरी बोर्डले धितोपत्रको दोस्रो बजारमा एनआरएनलाई समेत सहभागी गराउन आवश्यक कार्यविधि तयार गर्ने क्रममा रहेको जानकारी गराउँदै यसको कार्यान्वयन पश्चात धितोपत्रको दोस्रो बजारको दायरा फराकिलो भई नेपाली अर्थतन्त्रमा सकरात्मक प्रभाव पर्ने जानकारी समेत गराउनुभयो । उक्त कार्यक्रमहरुमा बोर्डका निर्देशक मुक्तिनाथ श्रेष्ठले पुँजीबजारका विविध पक्षहरुको बारेमा कार्यपत्र पेश गर्नुभएको थियो भने बोर्डका का.मु. अधिकृत राजु बहादुर जि.सि.ले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

**डोटी, बाजुरा र डडेल्धुराः** बोर्डका कार्यकारी निर्देशक निरज गिरीको नेतृत्वमा उप निर्देशक अम्बिका प्रसाद गिरी तथा का.मु. अधिकृत राजु बहादुर जि.सि. सम्मिलित एक टोलीले सुदुर पश्चिमाञ्चलको डोटी, बाजुरा र डडेल्धुरा जिल्लाहरुको विभिन्न ३ स्थानहरुमा धितोपत्र बजारसम्बन्धमा प्रशिक्षण तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा सहभागी भएका सर्वसाधारणहरुले सो कार्यक्रममा धितोपत्र बजारको सेवा देशव्यापी बनाउन बोर्डलाई आग्रह गरेका थिए ।


प्रमुख सल्लाहकार
**डा. रेवत बहादुर कार्की, अध्यक्ष**

सल्लाहकार
**परिष्टनाथ पौडेल, कार्यकारी निर्देशक**
**निरज गिरी, कार्यकारी निर्देशक**

सम्पादक
**डा. नवराज अधिकारी, निर्देशक**

सह सम्पादक
**रुपेश के.सी., उप निर्देशक**

सहायक सम्पादक
**रेवत श्रेष्ठ, अधिकृत**

प्रकाशक :

**नेपाल धितोपत्र बोर्ड**, पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोनः ०१–५५४१०५७, ५०००२०१, ५०००१६२, फ्याक्सः०१– ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०–०१–४४४३३, वेबसाइटः http://www.sebon.gov.np, इ–मेलः support@sebon.gov.np